मुख्यमन्त्री

कोशीप्रदेश,विराटनगर, नेपाल

# शुभकामना

नेपालको तराई क्षेत्रमा मनाइने जितिया पर्वको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

'जितिया पर्व' नेपालको तराई क्षेत्रमा बसोवास गर्ने मधेशी तथा थारु समुदायका महिलाहरूले आफ्नो सन्तानको सुख र समृद्धिका निमित्त मनाइने एउटा महत्वपूर्ण पर्व हो । प्रत्येक वर्ष आश्विन कृष्ण पक्षको अष्टमी तिथिको दिन मधेशी तथा थारु महिलाहरूले सन्तानको सुख, शान्ति, आरोग्य र चिरायुको कामना गर्दै निराहार कठोर व्रत बसी लोक देवता जिमुतवाहनको कथा सुन्ने एवं नाचगान गरी रमाइलोसँग मनाउने परम्परा रहेको छ । जितिया पर्वको मुख्य उद्देश्य मोक्ष प्राप्तिको कामनासँगै परिवारको कल्याण पनि रहेको मान्यता छ ।

भौगोलिक, सामाजिक र सांस्कृतिक जातीय विविधतायुक्त मुलुकमा मनाइने यस्त प्रत्येक पर्वहरूले परिवार, समुदाय र सम्पूर्ण देशवासीमा आपसी प्रेम, सद्भाव, विश्वातस र सहयोगको भावनालाई प्रगाढ बनाउनुका साथै बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास मैले लिएको छु ।

साथै यस पर्वबाट कोशी प्रदेश भित्रका हरेक जात, जाति, धर्म, संस्कृति, विचार तथा समुदायमा एक अर्काको सहअस्तित्व स्वीकार्दै आपसी सद्भावलाई थप मजबुत बनाउन सफलता प्राप्त होस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**मिति:२०८० असोज २० गते शनिबार**

...................................

**हिक्मतकुमार कार्की**
**मुख्यमन्त्री**